गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल

नेपाल नगरपालिका संघ

मिति: २०७८।०३।२०

**माननीय उपप्रधान तथा अर्थ मन्त्रीज्यू**
**अर्थ मन्त्रालय, सिंहदरबार**

**विषयः भुक्तानी निकासा बन्द गर्ने परिपत्र सम्बन्धमा ।**

महालेखा नियन्त्रक कार्यालयको च.नं. ३६६ मिति २०७८।०३।१७ बाट भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा सम्बन्धित सबै को.ले.नि.का. लाई पठाइएको पत्रको सन्दर्भमा उल्लेखित विषयहरुले सबै स्थानीय तहमा द्विविधा उत्पन्न भएकोले थप प्रष्ट पारिदिन अनुरोध गर्दछौं ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम तोकिएको समयसीमा भित्र भुक्तानी कार्यसम्पन्न गर्न सबै गाउँ/नगरपालिकाहरु लागि परेका छौं । तर, संघ तथा प्रदेश सरकारबाट कतिपय ससर्त तथा अन्य शिर्षकमा आजका मितिसम्म पनि निकासा हुने क्रम जारी रहेको र चालु आ.व.को अन्तिम चौमिसक अवधिको अधिकांश समयमा लकडाउन भएको जस्ता कारणले असार मसान्तमा भुक्तानीको अत्याधिक चाप परिरहेको व्यहोरा अवगत नै छ ।
- विगत आ.व. हरुमा असार मसान्तसम्म भुक्तानी (चेक काट्ने कार्य) गर्ने गरिएकोमा चालु आ.व. मा समेत सोही बमोजिम मसान्तसम्म नै भुक्तानी गर्न मिल्नेमा आम सेवा ग्राही र गाउँ/नगरपालिकाहरुको बुझाई रहेकोमा अन्तिम समयमा गरिएको यस परिपत्रले भुक्तानीमा समस्या पर्ने देखिएको छ ।

तसर्थ, परिपत्रमा भनिए जस्तै यस विषयमा सम्बन्धित तहले कानुन तर्जुमा गर्न सक्ने भनिएता पनि स्थानीय तहको लेखा प्रणाली सुत्रमा आधारित रहेको र सुत्रको नियन्त्रण संघीय निकायबाट नै भैरहेकोले स्थानीय तहले सुत्र मार्फत भुक्तानी गर्न सकिने हो वा होइन प्रष्ट पारिदिन अनुरोध गर्दछौं । त्यसैगरी, चालु आ.व. को हकमा संघ तथा प्रदेशबाट ढिलो गरी निकासा भएको र लकडाउन तथा देशभर भैरहेको बाढी पहिरोको कारण विकास निर्माणका काम ढिलो गरी सम्पन्न हुने भएकोले गत आ.व. को झैं भुक्तानी तालिका असार मसान्तसम्म नै यथावत राखिदिन र चेक सटही अन्तिम मिति पनि व्यवहारिक हुने गरी निर्धारण गरी आवश्यक सहजिकरण गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**अशोककुमार ब्याञ्जु श्रेष्ठ**
अध्यक्ष
नेपाल नगरपालिका संघ

**<u>बोधार्थ</u>**

१. **श्री कोष तथा लेखा नियन्त्रण कार्यालय**

२. **श्री गाउँपालिका/नगरपालिकाहरु सबै**